स्थानीय सरकार
घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

मिति २०८२।०१।०८

प.सं. २०८१।०८२ ( प्रशासन)

च.नं. ४७७०

श्री वडा कार्यालयहरु सबै

घोराही उप महानगरपालिका दाङ

बिषय मतदाता नामावली अध्यावधिक सम्बन्धमा

प्रस्तुत बिषयमा प्रदेश निर्वाचन कार्यालय लुम्बिनी प्रदेश दाङको पत्र संख्या २०८१।०८२ चलानी नं.११९ मिति २०८२।०१।०७ को मतदाता नामावली अध्यावधिक सम्बन्धि आवश्यक सहयोग तथा समन्वय बिषयक पत्रसाथ मतदाता नामावली अध्यावधिक सम्बन्धि सूचना संग्लन राखी पटाईएको छ। व्यहोरा पत्रबाट अवगत गरी आवशयक कार्ययार्थ गर्नु गराउनु हुन जानकारीका लागि अनुरोध छ।

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्वाचन आयोग, नेपाल
**प्रदेश निर्वाचन कार्यालय**
लुम्बिनी प्रदेश, दाङ

पत्र संख्याः- २०८१/०८२
चलानी नं.:-११६

मितिः २०८२।०१।०७
ने.सं. ११४५ चौलागा, ८ सोमबार

**श्री स्थानीय तह सबै,दाङ ।**

**विषय :- आवश्यक सहयोग तथा समन्वय सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगको मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम बैशाख १ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी बैशाख महिनाको मसान्तसम्ममा अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपर्ने व्यवस्था भएको हुँदा मतदाता नामावली अद्यावधिकको लागि हालसम्म दर्ता भएका विवरणहरु निर्वाचन आयोगको वेवसाइट election.gov.np मा मिति २०८१ बैशाख ६ गते प्रकाशन गरिएको हुँदा अद्यावधिक प्रयोजनको लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्न मतदाताको उमेर १८ बर्ष पुग्ने निर्दिष्ट मिति (Cut of Date) २०८१ चैत्र मसान्तसम्म निर्धारण भएको छ। उक्त मितिसम्म अठार बर्ष उमेर पुग्ने मतदाताको विवरणलाई मिति २०८२ बैशाख ७ गतेदेखि अद्यावधिक प्रक्रियामा लैजाने क्रार्यक्रम भएकोले यसै पत्रसाथ संलग्न रहेको मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८१ सम्बन्धी सूचना (अनुसूची-१) तहाँ पालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा टाँस गरी सोही सूचनामा उल्लेख भएबमोजिमका क्रियाकलापहरु सम्पन्न गर्नको लागि आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ । साथै अद्यावधिकका क्रममा त्रुटी सच्याउन, दाहोरो नाम भए हटाउन र मृत्यु भएको भए विवरण हटाउन आयोगको वेवसाइट election.gov.np मार्फत अनलाइन वेवसाइट (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालयमा निवेदन दिन सकिने व्यवस्था रहेको व्यहोरा अनुरोध गरिन्छ । साथै मृत्यु भएकाको विवरण यसै पत्रसाथ संलग्न ढाँचामा तयार पारी प्रमाणित गरी यस कार्यालयको इमेल ठेगानामा पठाउनुहुन समेत अनुरोध छ ।

(चन्द्र बहादुर के.सी.)
नि. प्रदेश निर्वाचन अधिकारी

**बोधार्थ**
श्री निर्वाचन आयोग,
कान्तिपथ काठमाडौं ।

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. ५४५१
मिति २०८२/१/८

फोन /फ्याक्स नं .०८२-५६०८२० , *Email : deo.dang@election.gov.np* , Google Plus code: **2FPM+7M8**
**"निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता"**

## अनुसूची-१

(दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (१), (३), (४) र दफा १३ को उपदफा (३), (१०) सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य ....... साल ....... महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

<table>
<tr><th>क्र.सं.</th><th>क्रियाकलाप</th><th>देखि</th><th>सम्म</th><th>कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान</th></tr>
<tr><td>१</td><td>आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">कात्तिक ६/वैशाख ६ गते</td><td>https://www.election.gov.np</td></tr>
<tr><td>२</td><td>मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने</td><td rowspan="4">कात्तिक ७/ वैशाख ७ गते</td><td rowspan="4">कात्तिक १४/ वैशाख १४ गते</td><td rowspan="4">अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय</td></tr>
<tr><td>३</td><td>कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने</td></tr>
<tr><td>४</td><td>कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने</td></tr>
<tr><td>५</td><td>मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने</td></tr>
<tr><td>६</td><td>वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने</td><td>कात्तिक ७/ वैशाख ७ गते</td><td>कात्तिक १४/ वैशाख १४ गते</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>७</td><td>उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने</td><td>कात्तिक १५/ वैशाख १५ गते</td><td>कात्तिक १८/ वैशाख १८ गते</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>८</td><td>मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने</td><td></td><td>कात्तिक २१/ वैशाख २१ गते</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>९</td><td>नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने</td><td>कात्तिक २२/ वैशाख २२ गते</td><td>कात्तिक २५/ वैशाख २५ गते</td><td>निर्वाचन कार्यालय र वडा कार्यालय</td></tr>
<tr><td>१०</td><td>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">कात्तिक मसान्त/ वैशाख मसान्त</td><td>निर्वाचन आयोग</td></tr>
</table>